# लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल


प.सं.: ७९/८०

च.नं. :

मितिः- २०७९/०४/०१ गते

### विषय :सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने सम्बन्धी ।

**सूचना !** **सूचना!!** **सूचना!!!**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०७९।८० को लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०७९ श्रावण १ गते देखि भाद्र मसान्त भित्र आवश्यक कागजात संलग्न गरी आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता नवीकरण गराउन जानकारी गराईन्छ।८० बर्ष माथिका जेष्ठ नागरिकहरु,आफ्नो हेरचाह आफै गर्न नसक्ने,अति अशक्त भएको हकमा निजको संरक्षक वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई र अन्यको हकमा तपशिल बमोजिमका आवश्यक कागजात सहित नविकरण गर्न हुन अनुरोध गरिन्छ।

तपशिलः

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि।
- लाभग्राहीको तीनपुस्ते विवरण।
- पासपोर्ट साईजको फोटो २ प्रति।
- विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को बिवाह नगरेको वडाको सिफारिस पत्र।
- ६० बर्ष उमेर पुगेर बिवाह नगरेको एकल महिलाको हकमा अविवाहित रहेको वडाको सिफारिस पत्र।
- अपाङ्ग भएको व्यक्तिको हकमा गाँउपालिका बाट जारी भएको अपाङ्ग परिचय पत्रको प्रतिलिपि र पूर्ण अपाङ्गता भएको लाभग्राहीको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- बाल पोषणको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- मोबाईल नम्बर
- बैङ्क खाता नं.(चेकको फोटो कपि)

नोटः(नवीकरण नगरेमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही यस आ.व.को भत्ता प्राप्त गर्न अयोग्य ठहरिनेछ, र सामाजिक सुरक्षा भत्ता लाभग्राहीको लिष्टबाट नाम हटेर जानेछ।

पुष्पलाल धमला
प्रमुख प्रशासकिय अधिकृत

पुष्पलाल धमला
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

(दफा ७ को उपदफा (१)सँग सम्बन्धित

<u>सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि दिने निवेदनको ढाँचा</u>

मितिः२०७९/......./........गते

**विषयः सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा।**

फोटो

श्री अध्यक्ष ज्यू,
लिखु पिके गाउँपालिका
वडा नं........
जिल्ला सोलुखुम्बु
प्रदेश नं.१, नेपाल

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि परिचयपत्र नविकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा अन्य सुविधा पाएको छैन। व्यहोरा साँचो हो, झुट्टा ठहरे प्रचालित कानून बमोजिम सहुँला बुझाउँला।

लाभग्राहीको विवरणः

नाम/थरः..........................................................
आमाको नामः......................................................
बाबुको नामः.....................................................
बाजेको नामः........................................................ लिङ्गः......................
लक्षित समुहः......................................... मितिः.....................
सामाजिक सुरक्षा परिचयपत्र नं............................................. सम्पर्क नम्बरः............
खाता नं.:........................................................... दस्तखतः.................

## संरक्षक/माथवर/स्याहार सुसार गर्ने व्यक्तिको विवरण(बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनि सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम/थर:.................................................... दस्तखत:.............................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाता:.......................... नागरिकता प्रमाणपत्र नं.-..............

सम्पर्क नम्बर:-................................................ जारी मिति र जिल्ला:-................

## कार्यालय प्रयोजनको लागि

दर्ता नं..................

रुजु गर्ने कर्मचारीको:

नाम/थर:........................................................ दस्तखत:...........................

पद:.................................. मिति:...............................

### आवश्यक कागजात

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि।
- लाभग्राहीको तीनपुस्ते विवरण।
- पासपोर्ट साईजको फोटो २ प्रति।
- बिधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को बिवाह नगरेको वडाको सिफारिस पत्र।
- ६० बर्ष उमेर पुगेर बिवाह नगरेको एकल महिलाको हकमा अविवाहित रहेको वडाको सिफारिस पत्र।
- अपाङ्ग भएको व्यक्तिको हकमा गाउँपालिका बाट जारि भएको अपाङ्ग परिचय पत्रको प्रतिलिपि र पूर्ण अपाङ्गता भएको लाभग्राहीको हकमा संरक्षकको नागरिकता प्रामाणपत्रको प्रतिलिपि।
- बाल पोषणको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- मोबाईल नम्बर
- बैङ्क खाता नं.(चेकको फोटो कपि)

नोट:( माथि उल्लेखित विवरणहरु स्पष्ट र आवश्यक कागजात (अनिवार्य) नभएमा लाभग्राहीको नविकरण नहुने व्यहोरा जानकारी गर्दछु। )